स्थानीय सरकार

# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

कोटिया, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल।

पत्र संख्याः-०८२/८३
सूचना नम्बरः- ५२

मितिः २०८२/०९/१८

**जीविकोपार्जन सुधार कार्यक्रमको पुनः प्रकाशित सुचना ! मिति २०८२/०९/१८**

मायादेवी गाउँपालिका रुपन्देहीको चालु आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक ससर्त कार्यक्रम अन्तर्गत "यस मायादेवी गाउँपालिकामा जीविकोपार्जन सुधार कार्यक्रम" विपन्न महिला लक्ष्यित कृषि, पशुपालन तथा उत्पादनमुलक क्षेत्र, पर्यटन तथा आतिथ्यता क्षेत्र र गैर कृषि क्षेत्रमा केन्द्रित भई स्थानीय तहका विपन्न महिलाहरुको जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गर्नको लागि सोही कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को अनुसूची ४ बमोजिमको ढाँचामा यो सुचना प्रकाशन भएको मितिले ७ दिन अर्थात मिति २०८२/०९/२५ गते कार्यालय समय भित्र प्रस्ताव तथा व्यावसायिक योजना पेश गर्न आव्हान गरी सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आवश्यक कागजातः-

क. संस्था दर्ता र नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,

ख. संस्थाको विधान उदेश्य, परिचय, कार्यसञ्चालन प्रक्रिया, भैतिक तथा वित्तिय श्रोत,

ग. प्रस्तावित व्यावसायको अवधारणा पत्र, व्यावसायको क्षेत्र, तालिम अवधि र श्रोत परिचालन सहितको व्यावसायिक योजनाको विवरण,

घ. अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा लेखापरीक्षण प्रतिवेदन,

ङ. प्रस्तावित कार्यक्रममा संसस्थाद्वारा गरिने योगदानको अंश, अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीको श्रोत सहितको यथार्थ विवरण,

च. कालोसूचीमा नपरेको र प्रचलित कानुन बमोजिम अयोग्य नरहेको स्वःघोषणापत्र,

छ. संस्थाले तालिममा सहभागी भएका लक्षित महिलाका लागि अनुसूची-५ बमोजिमको ढाँचामा कृषि,पशुपालन तथा उत्पादनमुलक क्षेत्र, पर्यटन तथा आतिथ्य क्षेत्र र गैर कृषि मध्ये एउटा क्षेत्र छनौट गरी व्यावसायिक योजना पेश गर्नुपर्नेछ ।

ज. व्यवसायिक योजना पेश गर्दा तालिम प्रदायक संस्था/स्थानीय तहले दफा १२ मा उल्लेख भएका लक्षित समुदायका महिलाको आयआर्जन, जीविकोपार्जन सुधार तथा आर्थिक सशक्तीकरण कार्ययोजना समेत संलग्न गरी प्रस्ताव पेश गर्नुपर्नेछ ।

लेखनाथ पोखरेल

प्रमुख प्रशासकीय अधिकृत

लेखनाथ पोखरेल
प्रमुख प्रशासकीय अधिकृत